# देवकोटाको ‘कुञ्जिनी’ काव्यमा प्रकृति र प्रेंम

**लोकचन्द्र खनाल**

## १. विषय प्रवेश

लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) ले ‘पूर्णिमाको जलधि’ (वि.सं. १९९१) कविताको प्रकाशन गरी आफ्नो औपचारिक कविता यात्राको थालनी गरेर नेपाली साहित्यलाई विश्वसाहित्यको स्तरसम्म पुऱ्याई आफू नेपाली साहित्यका सम्राट एवं महाकविका रूपमा स्थापित हुन सफल भएका छन् । गीत, कविता, खण्डकाव्य, महाकाव्य, उपन्यास, नाटक, निबन्ध, कथा समालोचनालगायतका साहित्यका प्रायः सबै विधाहरूमा कलम चलाएका देवकोटा मूलतः कवि र निबन्धकारका रूपमा बहुप्रतिष्ठित छन् । उनका ‘मुनामदन’ (१९९१), ‘कुञ्जिनी’ (२००२), ‘म्हेम्दु’ (२०१५), ‘लूनी’ (२०२३), ‘मयाविनी सर्सी, (२०२४) आदि लगायतका लगभग तीन दर्जन जति खण्डकाव्यहरू प्रकाशित भएका छन् । नेपाली साहित्यको कविता विधाको आधुनिक कालमा स्वच्छन्दतावादी काव्यधाराको प्रवर्तन गर्दै त्यसलाई शिखरसम्म पुऱ्याउन सफल देवकोटाको ‘कृञ्जिनी’ उनको कविता- यात्राको दास्रो चरणमा देखापरेको काव्य हो । यसमा विभिन्न लोकलयको विशिष्ट प्रयोग गरिएको छ ।

आफ्नो सम्पूर्ण जीवन निरन्तर काव्यसाधनमा व्यतित गरेका देवकोटाका काव्यमा कल्पनाको वेग, प्रवाह र आशुकवित्व, मानवतावादी भावना, सङ्कीर्णतामाथि प्रहार, सामाजिक यथार्थ बोधको चेतनायुक्त ध्वन्यात्मक प्रस्तुति, प्रकृतिप्रेम, ईश्वर प्रकृति र मान्छेका बीच समन्वय, रोमाण्टिकता आदि प्रवृत्तिहरू पाइन्छन् । उनले काव्यमा मान्छेलाई ‘यान्त्रिकताबाट प्राकृतिकतातिर डोऱ्याउन (जोशी : २०४७ : २७६) चाहेका छन् । करुण र उल्लासमय उमङ्ग बोकेर स्फुरण हुन पुग्ने उनका कविता-काव्य पाश्चात्य रूमानी साहित्यिक मान्यतासित निकटतम समबन्ध राख्दछन् । यहाँ उनका काव्यमा पाइने यी सम्पूर्ण पक्षको विश्लेषण नगरी ‘कुञ्जिनी’ खण्डकाव्यमा वर्णित प्रकृति र देवकोटाको प्रेमविषयक दुष्टिकोणको सामान्य सर्वेक्षण मात्र गरिएको छ ।

## २. कथावस्तु

'कुञ्जिनी' वि.सं. १९९७ सालतिर स्वास्थ्य सुधारका लागि हावापानी फेर्न मामा ससुराली पश्चिम १ नं. (हालको धादिङ) बस्न गएका देवकोटाले आफ्नो २-३ महिनाको त्यहाँको बसाइ, त्यहाँको ग्रामीण जीवन र प्राकृतिक परिवेशको सूक्ष्म अवलोकनबाट प्राप्त प्रेरणा एवं झिल्टुङगमा प्रचलित लोककथा दन्त्यकथालाई निजी कल्पना र मौलिकतामा मुछ्दै 'एक रातमा रचिएको' (जोशी, २०४७ : ११०) र वि.सं. २००२ सालमा प्रकाशन गरिएको खण्डकाव्य हो । यसको कथावस्तु यसप्रकार छ :

'कुञ्जिनी' खण्डकाव्यका नायक- नायिका गोरे र कुञ्जिनीका बीच गहिरो प्रेम- सम्बन्ध छ । गोरे कुञ्जिनीका बाबुसँग विवाहको प्रस्ताव राख्न जाँदा कुञ्जिनीका बाबु ठालु सिंहले गोरेलाई कुञ्जिनी नदिने ठहर गरे पनि कोल्पु खोलाको वर्षाको भेलले बगाउँदै लगेकी कुञ्जिनीलाई गोरेले मर्नबाट बचाएका कारणले पछि कुञ्जिनी गोरेलाई दिन ठालु सिंह मञ्जुर हुन्छ । तर गोरे जर्मनीको धावामा जानु परेकाले त्यतिबेलै विवाह हुन सक्दैन । गोरे विदेशबाट नफर्केकाले ठालु सिंले आफ्नी छोरी सेतेलाई दिने निधो गर्छ तर सेतेसँग विवाह गर्नुभन्दा कुञ्जिनी त्रिशुलीमा फाल हालेर मर्दछे । गोरे पनि पठानसँगको युद्धमा बजरिस्तानमा कुञ्जिनीलाई संझदै इहलीला समाप्त गर्न पुग्छे । कथा समाप्त हुन्छ ।

यसरी करुण रस प्रधान र श्रृङ्गार, वीर र हाँस्य गौण रसको रूपमा आएर वियोगान्तमा पुगी 'कुञ्जिनी' खण्डकाव्य समाप्त भएको छ ।

## ३. खण्डकाव्यका विशेषताहरू

'कुञ्जिनी' विभिन्न लोकलय अँगालेर रचना गरिएको खण्डकाव्य हो । वि.सं. २००९ सालमा यसको गीतिनाटकका रूपमा मञ्चन हुँदा २८ वटा झ्याउरे लयमा गाइएको (जोशी, २०४७ : ११०) यो नेपाली खण्डकाव्यका इतिहासमा सबैभन्दा बढी लोकलयको प्रयोग गरी रचना गरिएको काव्य हो । क- देखि र - सम्म जम्मा २७ खण्ड वा विश्राममा फैलिएको 'कुञ्जिनी' देवकोटाको आँशुलेखनको उपजका रूपमा रहेको मझौला गीति खण्डकाव्य हो । काव्यको आख्यान र संरचना पक्ष केही कमजोर भएर पनि तीव्रतर कवित्वले त्यसको क्षतिपूर्ति गरेको छ । यसमा श्रुतिमधुर अनुकरणात्मक शब्द र सङ्गीतमय स-साना भावानुसारी कोलमकान्त पद- पदावलीको प्रयोग गरिएको छ । साङ्केतिकता र सूक्ष्मतातिर सङ्क्रमणशील प्रवाहपूर्ण भाषा शैली एवं लय, बिम्ब र प्रतीकहरूले काव्यमा विशेष भूमिका खेलेका छन् ।

यस काव्यमा नेपाली प्रकृति र नेपालको स्वभावशिद्ध सङ्गीतात्मकताको राम्रो समन्वय पाइन्छ । रोमाण्टिक कवि देवकोटाको रोमाण्टिक चेतनाले काव्यमा प्रकृतिका सान्निध्यमा प्रशस्त मौलाउने र झ्याङ्गिने मौका

पनि प्राप्त गरेको छ । उनको यस काव्यमा प्रकृति मानवको हाँसो र आँशुसँग साइनो गाँस्दै उद्घाटित भएको छ। विविध लोकलयमा कारुणिक भाव अभिव्यक्त भएको तथा भावानुसारी शब्दहरूको प्रयोग भएको यस काव्यका नेपाली जनजीवनको चित्रण, गाउँ-बेंसी, खोलानाला, गाईवस्तु, दुःखमय मानवीय जीवन एवं मानसिक वेदना आदि विशिष्ट पक्षका रूपमा देखापरेका छन्। गोरे र कुञ्जिनीको मिलन, दुईको विवाहका लागि बाबुको अस्वीकृति, मिलनको संभावना, गोरेको विदेश यात्रा, कुञ्जिनी-सेतेका बीचको विवाहको तयारी, कुञ्जिनीद्वारा आत्महत्या, गोरेको लडाईमा मृत्यु आदि घटनाले विभिन्न आरोह-अवरोहहरू पार गर्दै काव्य कारुणिकतामा गएर टुङ्गिएको छ। काव्यमा प्रकृतिचित्रण, राष्ट्रप्रेम, भावविह्वलता, गाउँले जीवनको सजीव प्रस्तुति, आन्तरिक प्रेम, जीवनको उत्सर्ग र त्यसका माध्यमबाट उच्च र अलौकिक प्रेमको नमुना प्रस्तुत गरिएको छ । समाज र परम्पराका मक्किएका बन्धनलाई तोड्दै आफ्नो लक्ष्यसम्म पुग्न आत्मविश्वासको कठोर यात्रामा अगाडि बढेका यस काव्यका पात्रहरू समाजका सीमित र संकुचित बन्धन र छेकेबारलाई चुनौति दिंदै तिनलाई चकानाचुर पार्न उद्धत देखिन्छन्। यस जीवनमा प्रेम सफल हुन नसके पनि जीवान्तरको स्वर्गीय प्रेम प्राप्त गर्ने आशामा टुङ्ग्याइएको एवं भावात्मक पक्षलाई प्रश्रय दिइएको यो काव्य नेपाली काव्यपरम्पराकै एक नवीन र विशिष्ट काव्य हो ।

## ४. प्रकृतिचित्रणका दृष्टिले ‘कुञ्जिनी’

नेपाली पहाडी प्रकृतिको सुन्दर वर्णन गरिएको ‘कुञ्जिनी’ खण्डकाव्यमा संवेदनशील प्रकृतिका विभिन्न पक्षको सूक्ष्म चित्रण गरिएको छ । काव्यमा कविले मानवीय संवेदनलाई प्रकृतिमा मुछ्दै-मिसाउँदै मान्छेका आशा-निराशा, सुख-दुःख, संयोग-वियोग, उत्थान-पतनसँगै प्रकृतिको सहकारी वर्णन गरेका छन्। प्रकृतिको सुन्दर वर्णनबाट सुरु गरिएको यस काव्यको सुरुवात् कोल्पु खोलाको तिरमा हरियाली र पुष्पमय वातावरणको शब्दचित्रणबाट गरिएको छ । गाउँले जीवनका विविध पक्षको वर्णन गर्दै गोरे र कुञ्जिनीको जीवनका उहापोह घामछायाँका रूपमा प्रस्तुत भएका छन् र तिनीहरूका सुखदुःखसँगै प्रकृति पनि कहिले मुसुक्क हाँसेको छ अनि कहिले बलिन्द्र आँशुका धारा झार्दै रोइरहेको छ। कुञ्जिनीको उल्लासमय वातावरणसँगै प्रकृतिको श्रृङ्गारमय वर्णन देवकोटाले यसरी गरेका छन् :

गुलावको लाल मुस्कान मेरो ओठमा हाल ।

सयपत्रीले लगाउँछनी दुलही घुम्टो जाल ॥

बादलको चुँदुवामा अबीर लावा ।

नाँच्न लागे मजुर पंक्षी वनको शीतल हावा ॥ (देवकोटा ; २०५६ : ३१)

कुञ्जिनीको विरहमा प्रकृतिले यसरी सहारा दिएको :

कोल्पु आज सुकेर गइन् रसविनु ढुङ्गाको जीवन

हाँगामाथि रहेको चरी आज झोत्री झुकेर बोल्दिन (देवकोटा : २०५६ : ५७)

×× ×× ××

कुहिरी मण्डल झरीको खाल्डो हेर्दा झैं चुचुरा

बादलको कालो चाहरा देऊ आखिरको टाकुरा (देवकोटा : २०५६ : ६७)

मानव जीवनमा आइपरेका विपत्तिहरू प्रकृतिका सान्निध्यबाट हटाउन सकिन्छ भन्ने मान्यता राख्ने रुमानी कवि देवकोटाले यस काव्यभरि प्रकृति र मानवका बीचमा अन्योन्यश्रित समबन्ध रहेको कुरा देखाएका छन् । यस्तै प्रकृतिका छायाँ - छटा र तिनको स्वरुपसँगै पात्रले जीवनका सुख - दुःखका भोगाइहरूको अनुभव गरिहरेका छन् । शान्त, निश्छल, र उल्लासमय प्रकृतिले गोरे र कुञ्जिनीका जीवनमा कहिले उमङ्ग ल्याएको छ भने कहिले सम्भावित घटनाको आलोकमा भीषण, उग्र र अशान्त प्रकृतिको कालो - नीलो घनघटा छाएको छ । यसैले यस काव्यमा प्रकृति मानव जीवनको अभिन्न अंगका रूपमा प्रस्तुत भएको छ । काव्यमा फूलको नाजुक जीवन क्षणिक मुस्कानसँग नायिका कुञ्जिनी हाँसेकी छ र क्षणिक चहकमहक छाडेर वैलाग्ने फूलजस्तै गरी ऊ अस्ताएकी छ । अनि वर्षाको जूनझैं सुमधुर मुस्कान लिएर कुञ्जिनी गोरेका जीवनमा आएकी छ र कालो बादलसँगै बिलाएर गएकी छ। त्यसैले काव्य पूरै प्रकृतिकाव्यका रूपमा देखपरेको छ ।

'कुञ्जिनी' काव्यको अन्त्य पनि प्राकृतिक स्वरूपलाई अँगालेर भएको छ । कोल्पु खोला बग्दै गएर सागर पुग्नका लागि त्रिशुलीमा मिलेझैं- कोल्पुपुत्री (कोल्पु खोलो प्रतीक) पनि गोरेसँगको वियोग वेदनाले अतासिएर पुर्नमिलनका लागि त्रिशुलीका काखमा जीवन उत्सर्ग गर्न पुगेकी छ । यसरी 'प्रकृति स्वयंमा सौम्य- रौद्र एवं उल्लासित- विषादमय दुवै पाटाको मन्मय चित्रण गर्दै र पात्रहरूका सुख- दुःखात्मक नाना मनोभावहरूलाई प्रकृति र प्राकृतिक सङ्केत तथा लघुबिम्बहरूका माध्यमबाट अभिव्यक्त गर्दै कविले प्रकृति- मानव तादात्म्यको प्रतिपादन गरेका छन् । (जोशी ; २०४७ : १११) त्यसैले प्रकृतिलाई पन्छाएर

मानव जीवन र मानव जीवनलाई पछाडि सारेर प्रकृतिलाई मात्र हेर्दा काव्यको सिङ्गो स्वरूप प्राप्त हुन सक्दैन । काव्यमा प्रकृतिका सुरलहरीसँगै मान्छेका सुरलहरी अनि पात्र र तिनका जीवनका विपत्ति एवं विडम्बनाहरूलाई प्रकृतिका सुरलहरी भित्र अटाएर प्रस्तुत गरिएको छ ।

## ५. 'कुञ्जिनी' मा प्रेमसम्बन्धी मान्यता

गोरे र कुञ्जिनी दुई प्रेमी-प्रेमिकाको प्रेमतत्त्वको मूल्य र महत्तालाई केन्द्रीय विषयवस्तु बनाइएको 'कुञ्जिनी' खण्डकाव्यमा प्रेमको अमरत्वका लागि कारुणिक आख्यान र विविधतापूर्ण प्रकृतिको संयोजन पाइन्छ । कुञ्जिनीको मुटुको ढुकढुकी बनिसकेको गोरेसँग बिछोड हुन परी प्रतिनायकका रूपमा प्रस्तुत भएको सेतेसँगको विवाहको तयारीका अवस्थामा नायिका कुञ्जिनीद्वारा जीवन विसर्जन गरेर जीवनपारि तथा यस धर्तीपारि अमर प्रेम गर्ने आशा प्रस्तुत गरिएको छ । 'परम्परागत विवाह पद्धतिको विरोध र स्वच्छन्द प्रेम, त्यसमा पनि आत्मिक प्रेमको स्थापना गर्न खोजिएको छ (चापागाँई र सुवेदी; २०५२ : २२३) ।

देवकोटाका दृष्टिमा प्रेम वासनात्मक हुनुहुँदैन र भावात्मकता मात्र पनि होइन । स्त्री-पुरुषको कामुकता वा वासनात्मक प्रेम वास्तविक प्रेम हुन सक्दैन, प्रेम एउटा मुटुले अर्को मुटुलाई गर्ने माया हो र यो हिमालजस्तो उच्च, आकासजस्तो, स्वच्छ र प्रकृतिको हरियाली जस्तो सुन्दर हुनुपर्छ । यस काव्यका गोरे र कुञ्जिनीका बीचको प्रेम यस्तै सह-जातीय र साम्य भावयुक्त छ । उनीहरूको प्रेम प्रकृतिको न्यानो काखमा हुर्कदै र मौलाउँदै अगाडि बढेको छ । 'कुञ्जिनी कुमारी भए पनि गोरेसँग आफूलाई टाँसिसकेकी छ र भेटी चढाइसकेकी छ' (दत्त; २०३० : ३९) त्यहाँ शारीरिक सम्बन्ध गौण र भावात्मक सम्बन्ध सम्पूर्णता बनेर प्रस्तुत भएको छ । त्यस्तै आर्थिक असमानताको कृत्रिम र संकुचित बन्धन, सांसारिक नियम, परम्परागत मान्यता आदिले हार्दिक र स्वतः स्फुर्त प्रेमलाई कुण्ठित गर्न सक्दैन, बरू प्रेमका यात्रामा जति बाधाहरू, अड्काउहरू, छेकेबारहरू र प्रतिबन्धहरू आउँछन उति त्यसले प्रेमलाई अग्निज्वालाले सुनलाई खारेझैं खार्छ, प्रेम झन् कसिलो, झन खरो, झन पवित्र, झन गम्भीर र झन आन्तरिक-अमीट बन्न जान्छ ।

देवकोटाका दृष्टिमा प्रेम शरीरभन्दा परको कुरा हो । काव्यको नायक गोरे घाइते भएका बेला कुञ्जिनीलाई संझिएर अर्को जुनीमा भेट हुने आशा राख्नुले यस तथ्यलाई अझ उजागर गर्दछ । देवकोटा भन्न पुग्छन् :

चन्द्रमा पछि लाग्दछिन् सधैं स्वर्गमा रेवती,

सच्चा छ भने छुट्दैन भन्छन् उसपारि पीरती । (देवकोटा; २०५६:६६)

यस सम्बन्धमा कुमारबहादुर जोशी भन्छन् -'हृदयको सच्चा प्रेमजस्तो ठूलो कुरा अरू केही छैन र हृदय नबुझीकन देह र भौतिकताका दृटिले गरिएका काम कारवाहीले जीवन बरबादिन्छ र पश्चातापमा पर्नुपर्छ भन्ने तथ्यलाई मूलभूत रूपमा प्रतिपादन गर्ने गोरे र कुञ्जिनीको प्रेमकथामा आधारित प्रस्तुत गीतिकाव्यमा कविको मुख्यतया देह र भौतिकविमुख हृदयवादी-आत्मवादी एवं आत्मिक प्रेमकेन्द्री स्वच्छन्दतावादी प्रवृत्ति प्रकटिएको छ ।' (जोशी, २०४७ : १११)

कुञ्जिनी' खण्डकाव्यकी नायिका कुञ्जिनीको चरित्रका माध्यमबाट दैहिकता र भौतिकतातर्फको विकर्षण र हार्दिकता, आत्मिकता तथा आत्मिक प्रेमप्रतिको आकर्षण प्रकट गराएर प्रेमको अमरता हार्दिकता र आत्मिकतामा मात्र समभव हुन्छ भन्ने मान्यता देवकोटाले प्रस्तुत गरेका छन् ।

## ६. निष्कर्ष

प्रतिभाको अजश्र ज्वारभाटाको बेरोकटोक प्रवाहबाट काव्यको सिर्जना गर्ने 'बिजुली कवि' (रिसाल : २०३१ : २४९) देवकोटाका थुप्रै खण्डकाव्यका बीच 'कुञ्जिनी' उच्चस्तरको खण्डकाव्य हो, (जोशी; २०४७:४९) । बहुमुखी प्रतिभा र विराट काव्यक्तित्वअनुरूपका उनका अनेक खण्डकाव्यहरू जन्मिएका छन् र 'कुञ्जिनी' पनि एउटा यस्तै भावावेगको प्रवाहको उपज हो । तीन महिनामा 'शाकुन्तला' महाकाव्य दश दिनमा 'सुलोचना' महाकाव्यको रचना गरेका देवकोटाको 'कुञ्जिनी' एकै रातको सिर्जना हो । तसर्थ यो उनको आशुलेखनको अर्को नमुना हो । आलङ्कारिक र प्राकृतिक सौन्दर्यले धनीभूत प्रस्तुत काव्य झिल्टुङ पहाडतिर लेककथाका रूपमा प्रख्यात कथालाई मौलिकताको स्पर्शद्वारा सामाजिक रूप दिइएकाले काव्य सामाजिक बन्न पुगेको छ । नेपाली जनजीवनमा प्रचलित ३० भन्दा बढी लोकलयहरूलाई उपयोग गर्दै लेखिएको यो नेपाली साहित्यको एउटै मात्र काव्य हुनुका साथै यो नेपाली लोकभाकाको एलबमका रूपमा देखापरेको छ । लोकभाकाको प्रयोगगत विविधता, विशिष्टता र उच्चाताका दृष्टिले यो देवकोटाका सबै काव्यहरूमध्येको उत्कृष्ट काव्य हो । निष्कर्षमा भन्दा प्रस्तुत काव्य कविको देह र भौतिकताविमुख तथा हृदय र हार्दिक प्रेमकेन्द्री स्वच्छन्दतावादी प्रवृत्तिका साथै लोकजीवनका गलागलामा गुञ्जने लोकभाकाहरूको सुन्दर एलवम हो ।

**सन्दर्भग्रन्थ - सूची**


१.	चापागाईं, नरेन्द्र र दधिराज सुवेदी (सम्पा. २०५२) **काव्यसमालोचना**, विराटनगर, पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

२.	जोशी, कुमारबहादुर (२०४७) **देवकोटाका कविता - यात्राको विश्लेषण र मूल्याङ्कन** ; काठमाडौं, ने.रा.प्र.प्र. ।

३.	त्रिपाठी, बासुदेव (२०२७) **नेपाली कविताको सिंहावलोकन**; काठमाडौं ;साझा प्रकाशन ।

४.	दत्त, चिरञ्जीवी (२०३०) **केही नेपाली काव्यहरूको समीक्षा**; काठमाडौं ; रत्नपुस्तक भण्डार ।

५.	देवकोटा, लक्ष्मीप्रसाद (२०५६) **कुञ्जिनी** (छै.सं.) लालितपुर ;साझा प्रकाशन ।

६.	रिसाल, राममणि (२०३१) **नेपाली काव्य र कवि**, काठमाडौं ; साझा प्रकाशन ।

७.	सुवेदी, अभि (२०३८) **सिर्जना र मूल्याङ्कन**, ललितपुर, साझा प्रकाशन ।